के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०१२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ३१ गते सोमबार ❑ 13 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

कर्मचारीलाई कामको गति बढाउन मुख्यमन्त्री अधिकारीको निर्देशन

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेश सरकारप्रति जनताको आशा बढाउनको लागि स्पष्ट योजनाका साथ कार्यसम्पादन गर्नुपर्ने बताउनु भएको छ । आइतबार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा आर्थिक वर्ष ०८०/०८१ को कार्य प्रगति विवरण सहितको छलफल कार्यक्रममा बोल्दै उहाँले कर्मचारीलाई कामको गति बढाउन निर्देशन दिनुभयो ।

'प्रदेशको औचित्य पुष्टि गर्ने कुरा तपाईको हातमा छ, कर्मचारीको प्रभावकारी कार्यसम्पादनले जनतामा आशा जगाउँछ' मुख्यमन्त्री अधिकारीले भन्नुभयो । यसको लागि मन्त्री, सचिवदेखि कर्मचारीको कार्य प्रगति विवरण आफूलाई चाहिने उहाँले खुलाउनुभयो ।

प्रि-मनसुन सुरु भइसकेको भन्दै मनसुनका कारण हुने क्षतिलाई न्यूनिकरण गर्न तथा विपद्का घटना भइहालेमा तत्काल उद्धार राहत लगायतका कार्यगर्नको लागि तयारी अवस्थामा रहनुपर्नेबताउनुभयो।'प्रि-मनसुनले खतराको घण्टी बजिसक्यो, मनसुनले सबैभन्दा बढी प्रभाव पार्ने हाम्रो ठाउँ हो' उहाँले

भन्नुभयो । त्यसका लागि च्यापिड रेसपोन्स टोली सहित 'सेन्टर एक्सन रुम'लाई सक्रिय बनाउनुपर्ने बताउनुभयो ।

प्रदेश सरकार अन्तरगतका सबै कार्यालयले गरेको दैनिक कार्यप्रगति विवरण आफूलाई उपलब्ध गराउन उहाँको आग्रह थियो । संविधानले दुईवर्ष सरकार नफेर्ने कल्पना गरेको भएपनि समर्थन गर्ने दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्छ भन्ने प्रावधानका कारण स्थिर सरकार बन्न नसकेको बताउनुभयो । दैनिक कार्यमा असर पर्नेगरी कर्मचारीलाई बिदामा नबस्न समेत उहाँको आग्रह थियो । संविधानले सरकार रिक्तताको अवस्था कल्पना नगरेको कारण सेवा प्रवाह कुनैपनि समयमा रोक्न नहुने बताउनुभयो । 'जनतालाई डेलिभरी दिनसक्नुपर्छ, पारदर्शी ढंगले काम गर्नुपर्छ, परिपक्क नभएका विषयहरु बाहिर लैजानु हुँदैन' उहाँले भन्नुभयो ।

मुख्यमन्त्री अधिकारीले साना टुक्रे योजनामा बजेट छुट् याउँदा प्रभावकारी नहुने भन्दै आगामी आर्थिक वर्षको नीति तथा योजना एवं बजेट निर्माण गर्दा विशेष ध्यान दिन निर्देशन दिनुभयो । 'निर्णय भएका काममा ढिलाई नगरौं, अत्यन्त उच्च मनोबलका साथ काम गरौं, काम गर्दा राजनीतिक रंग नदिनुहोला' उहाँल थप्नुभयो । मुख्यमन्त्री अधिकारीले फेवातालको बारेमा सर्वोच्च अदालतले गरेको फैसलाको कार्यान्वयनको अवस्थाबारे समेत चासो राख्नुभयो । गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत र सूचना अधिकारी राजन भट्टराईले आर्थिक वर्ष ०८०/०८१ को कार्य प्रगति विवरण प्रस्तुत गर्दै विवरणप्रति मुख्यमन्त्री अधिकारीले राखेका जिज्ञासा मेटाउनुभएको थियो ।

उहाँहरुले प्रदेशस्तरका आयोजना कार्यान्वयनमा कतिपय संघीय कानूनहरुले अवरोध सिर्जना गर्दा आयोजना समयमै सम्पन्न गर्न नसकिएको बताउनुभयो । रोयल्टी र राजस्व बाँडफाँटको विद्यमान कानूनी व्यवस्थ तथा अभ्यास मूलतः नेपाल सरकारको अनुकूल भएकोले प्रदेशले प्राप्त गर्ने समानीकरण र रोयल्टी लगायतको अनुदान एवं राजस्व न्यून हुँदा प्रदेश सरकारलाई स्रोत व्यवस्थापन गर्न कठिनाई भएको समेत खुलाउनुभयो ।

प्रदेशमा रहेक तथा स्थापना हुने ठूला उद्योग व्यवसाय दर्ता र नवीकरणका लागि प्रदेशस्तरमा सम्बन्धित निकाय नहुँदा कठिनाई भोग्नुपरेको, संघीय विनियोजन ऐनको कारण प्रदेश सरकारले नेपाल सरकारका इकाईलाई सिधै बजेट अख्तियारी प्रदान गरी कामकाज गराउन कठिनाई भएको, प्रदेश मन्त्रालय र अन्तर्गतका कार्यालय भवन रहेका जग्गाको स्वामित्व प्रदेश सरकार मातहत ल्याउनुपर्ने लगायतका विषय उहाँहरुले मुख्यमन्त्री अधिकारी समक्ष राख्नुभएको थियो ।

पुम्दीकोटको विशाल शिव मूर्ति गण्डकी क्षेत्रकै आकर्षण: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले पोखराको पुम्दीकोट स्थित विशाल शिव मूर्ति गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य रहेको बताउनुभएको छ ।

यहाँको प्रमुख पर्यटकीय आकर्षण बनिरहेको पुम्दीकोटमा आइतबार अवलोकन भ्रमण गर्दै प्रदेश प्रमुख भट्टले विशाल शिव मूर्ति आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दा पर्यटनलाई टेवा पुगेको बताउनुभयो ।

उहाँले सरकारले पोखरालाई पर्यटनको राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस्ता पर्यटकीय गन्तव्य महत्वपूर्ण रहेको पनि बताउनुभयो । ' विशाल मूर्तिले यहाँ पर्यटकको बसाइ लम्ब्याउनुका साथै धार्मिक पर्यटकका लागि उत्कृष्ट गन्तव्य बनाउन सहयोगी बनेकोमा खुशी लागेको छ । मन्दिरसँगै बनेका अन्य संरचनाहरुले पनि पुम्दीकोटलाई थप आकर्षक बनाएको छ ।' - प्रदेश प्रमुख भट्टले भन्नुभयो । यसका परिकल्पनाकार तथा पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले छोटो समयमै पुम्दीकोटले धार्मिक पर्यटकीय गन्तव्य स्थलका रूपमा विशिष्ट

बाँकी अन्तिम पृष्ठमा ▶▶

रूपा पूर्ण खोप सुनिश्चित पालिका घोषित

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

कास्कीको रूपा गाउँपालिका पूर्ण खोप सुनिश्चित पालिका घोषणा भएको छ । आइतबार उक्त पालिकाको स्वास्थ शाखाले विशेष कार्यक्रमको आयोजना गरेर सो घोषणा गरिएको हो ।

कार्यक्रममा उक्त घोषणा गर्दै जिल्ला जिल्ला खोप समन्वय समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्की जिल्ला रूपाको उक्त घोषणा संगै छिट्टै कास्कीलाइ पूर्ण खोप सुनिश्चित जिल्ला घोषणाको तयारी भएको जानकारी दिनुभयो । पौडेलले सो घोषणाले कास्कीमा कुनै पनि बालबालिका खोपबाट बन्चित हुनु नपर्ने भन्दै निरन्तरतामा अझ घनिभुत ढंगले लागी पर्न पालिकालाइ

आग्रह गर्नुभयो । पौडेलले खोप प्राप्त गर्ने बालबालिकाको नैसर्गिक अधिकार भएको र पूर्ण खोपको प्रत्याभुती संगै सरकारले परिकल्पना गरेको आधारभुत स्वास्थ सेवाको ग्यारेन्टी गर्दै स्वस्थ नागरिक निर्माण मार्फत समृद्ध नेपाल सुखी नेपालीको नारा साकार हुने बिश्वास व्यक्त गर्नुभयो । रूपा गाउँपालिका अध्यक्ष नवराज ओझाले सुनिश्चितता घोषणा गर्ने कार्य सम्पन्न भए संगै र यसको निरन्तरतामा पालिका कटिबद्धताका साथ लाग्ने प्रतिबद्धता व्यक्त गर्दै सहयोग गर्ने सम्पूर्णमा हार्दिक आभार ब्यक्त गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका सदस्य हर्क बहादुर गुरुङ,गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत चिरञ्जीवी बराल, स्वास्थ शाखा प्रमुख रामचन्द्र ओझा ,जनस्वास्थ्य कार्यालय कास्कीका खोप अधिकृतद्वय , एकनारायण लम्साल , बद्री आचार्य ,राधा सुवेदी सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो। रूपा गाउँपालिका अध्यक्ष नवराज ओझाको अध्यक्षतामा उक्त घोषणा कार्यक्रम सम्पन्न भएको थियो ।

'पदयात्रा मार्गमा जाँचचौकी नहुँदा राजस्व गुम्यो'

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स कार्ड) जाँच गर्न 'चेकपोष्ट' नहुँदा पदयात्री अवैध रूपमा प्रवेश गर्ने क्रम बढेको सूचनासँगै ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेशले शनिबार अन्नपूर्ण गाउँपालिकाको वीरेठाँटीमा स्थलगत अनुगमन गरेको छ ।

'सुरक्षित र मर्यादित पदयात्राका लागि सचेतना तथा अनुगमन' कार्यक्रमका साथ टान गण्डकीका अध्यक्ष धर्मराज पन्थी नेतृत्वमा पर्यटन व्यवसायी, पर्यटन प्रहरी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पोखराका प्रतिनिधि, पर्यटनसम्बद्ध मजदुर सङ्गठनका प्रतिनिधि एवं सञ्चारकर्मीसहितको टोलीले वीरेठाँटीमा स्थलगत अनुगमनसँगै पदयात्रा क्षेत्रका समस्या, टिम्स कार्ड चेकपोष्ट नहुँदा पर्ने कठिनाइ, सुरक्षित पदयात्रालगायत विषयमा जानकारी लिएको हो ।

कोरोनामहामारीपछि टिम्स कार्ड चेकपोष्ट बन्द भएकामा त्यसयता हालसम्म खुल्न नसक्दा त्यसले टिम्स कार्ड नलिइकन यात्रा गर्ने क्रम बढेका कारण राजस्व सङ्कलनमा कमी आउनुका साथै पदयात्रीमा असुरक्षासमेत बढेको अध्यक्ष पन्थीले बताउनुभयो ।अनुगमनका क्रममा संरक्षण क्षेत्रबाट प्रवेशको अनुमति मात्र लिएर पदयात्रीले पदयात्रा गरिरहेको पाइएको बताउँदै उहाँले वीरेठाँटीबाट प्रवेशको अनुमतिबाहेक सरकारले जारी गरेको 'टिम्स' कार्ड नलिइ जाने विदेशी पदयात्री बढेको पाइएको बताउनुभयो । पदयात्रीको सुरक्षालाई दृष्टिगत गरी सरकारले 'टिम्स कार्ड'सँगै पदयात्रामा एक्लै जान नपाउने निर्णय अघिल्लो वर्ष नै गरेको उल्लेख गर्दै उहाँले उक्त नियमको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो । पदयात्रामा एक्लै जाने क्रम बढ्दा पर्यटक बेपत्ता हुने र दुर्घटना हुँदा खोजी र उद्धारमा कठिनाइ भएपछि संरक्षित क्षेत्रमा पदयात्रामा जाने प्रत्येक विदेशीले पथप्रदर्शक अथवा सहयोगी लैजानुपर्ने नियम बनाइएको हो । सरकारले निर्णय गरेको एक वर्ष बित्दा पनि चेकपोष्ट स्थापना नहुँदा पदयात्रा क्षेत्रमा असुरक्षा बढेको उहाँले बताउनुभयो ।

नेपाल पर्यटन बोर्डले चेकपोष्ट स्थापना नगर्दा अवैध रूपमा भ्रमण गर्ने पदयात्री बढ्दै गएका तथा राजस्व पनि गुमेको टान गण्डकीका प्रथम उपाध्यक्ष कृष्णप्रसाद आचार्य बताउनुहुन्छ । अवैध ढङ्गले पदयात्रामा निस्कदा कुनै विदेशी हराए, घाइते वा ज्यान गएमा त्यसले देशको पदयात्रा पर्यटनमा नकारात्मक सन्देश प्रवाह गर्ने बताउँदै उहाँले यथाशक्य चाँडो टिम्स कार्ड चेकपोष्ट स्थापना गर्नुपर्नेमा जोड दिनुभयो । "टिम्स कार्डसँगै उनीहरू कहाँ, कसरी र कस्तो सहयोगीका साथ जादैछन् भन्ने जानकारी हुने भएकाले उनीहरूको सुरक्षाका लागि त्यो अपरिहार्य छ", उहाँले भन्नुभयो । वीरेठाँटी भएर अन्नपूर्ण आधार शिविर, घोरेपानी, खोप्रा लेकलगायत पदमार्गमा जाने पर्यटकको सङ्ख्या गत वर्षभन्दा बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) वीरेठाँटी चेकपोष्टका प्रमुख यामबहादुर गुरुङले बताउनुभयो । अघिल्लो वर्षको मेसम्म यस चेकपोष्टबाट १८ हजार चार सय ९७ जना पर्यटक पदयात्रामा आइका जानकारी दिँदै उहाँले यस वर्षको सोही अवधिमा २१ हजार तीन सय ५८ जना पदयात्रामा आगएका बताउनुभयो । अनुगमनका क्रममा अन्नपूर्ण गाउँपालिका वडा नं ७ र ८ का वडाध्यक्षलाई टान गण्डकीका तर्फबाट पदयात्रामा जाने पर्यटकका लागि फोहर गर्न नहुने, प्रकृति बचाउनुपर्नेलगायत उल्लेखित साइनबोर्ड हस्तान्तरण गरिएको थियो ।

बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- ◆सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- ◆विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- ◆खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- ◆लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- ◆सहज शौचालयको व्यवस्था गरौं,
- ◆अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- ◆अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- ◆बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार

विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

यूनाइटेड क्लब पोखराद्धारा बाग्लुङका अग्निपिडितलाई आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

यूनाइटेड क्लब पोखराले बाग्लुङ नगरपालिका १२ डांडाखेतका अग्निपिडितलाई आर्थिक सहयोग गरेको छ।

गत बैशाख १९ गते जंगलमा फैलिएको आगो बस्तीमा पस्दा डांडाखेतका यदुनाथ पाध्याको घर, गोठ, बस्तुभाउ र दधिराम पाध्याको दुईवटा गोठ र बस्तुभाउ जलेर नष्ट भएको थियो । तीनै पाध्या परिवारलाई युनाइटेड क्लबले आफ्नो विपद ब्यवस्थापन कोष मार्फत राहत स्वरुप झण्डै एक लाख बरावरको आर्थिक सहयोग गरेको हो । सो अवसरमा बोल्दै बाग्लुङ नगरपालिका वडा नं १२ का अध्यक्ष कोपिलामणी शर्माले पोखरामा रहेको यूनाइटेड क्लबले बाग्लुङमा आइपुगेर आफ्नो वडामा आगलागीबाट क्षती भएको परिवारलाई राहत स्वरुप नगद सहयोग गरेकोमा धन्यवाद ब्यक्त गर्दै यूनाइटेड क्लबको सिको अन्य क्लवहरुले समेत गर्न सकेको खण्डमा पिडितले सानो भएपनि राहत पाउने बताए।

यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले स्थापनाकालदेखी पोखरा महोत्सवको आयोजना गरी विभिन्न सामाजिक क्षेत्रमा काम गर्दै आइरहेको यूनाइटेड क्लबले २०७२ को बिनाशकारी भुकम्प पश्चात विपदको क्षेत्रलाई समेट्नेगरी छुट्टै विपद ब्यवस्थापन कोष निर्माण गरी अगाडी वढेको बताए । उक्त कोषका लागि हरेक बर्ष तिहारको अवसरमा देउसीभैलो कार्यक्रम मार्फत रकम संकलन गरी दैवी प्रकोपमा परेकालाई युनाइटेड क्लबले राहत रकम प्रदान गर्दै आइरहेको वताए।

क्लबको सामाजिक दायरा फराकिलो रहेको वताउदै अध्यक्ष श्रेष्ठले क्लवले हाल सम्म पश्चिमको कैलालीको कैलारी गाउँपालिकाका हावाहुरी प्रभावित, पूर्वको उदयपुरको गढी गाँउपालिकाका हावाहुरी प्रभावित, कास्कीको सराङकोट पहिरो प्रभावित, जाजरकोट र पश्चिम रुकुमका भुकम्प प्रभावितलाई विपद ब्यवस्थापन कोष मार्फत राहत प्रदान गरिसकेको र आगामी दिनमा पनि यस्ता कार्यलाई निरन्तरता दिने बताए । सो अवसरमा वोल्दै आगलागीबाट पूर्ण रुपमा क्षती भएका यदुनाथ पाध्याले आफुहरु जंगलमा लागेको आगो निभाउन जाने बेलामा घरमा कोही नभएको अवस्थामा एक्कासी जंगलबाट आएको आगोले घर, गोठ, बस्तुभाउ केहीपनि बांकी नरहेको वताउदै सहयोगीहरुको साथले आफुमा आत्मबल थपिएको बताए। उक्त कार्यक्रम मा बागलुङ समाज पोखरा र बागलुङ अर्जेवा पोखरा सम्पर्क समाज बाट समेत आर्थिक सहयोग प्रदान गरिएको थियो। बाग्लुङ समाज पोखराबाट ३१ हजार १० र अर्जेवा पोखरा समाजबाट संकलित २० हजार रुपैया बाग्लुङ समाज पोखराका अध्यक्ष ठाकुर प्रसाद सापकोटा र पदाधिकारी द्धारा आगलागी प्रभावितहरुलाई प्रदान गरिएको थियो । सो कार्यक्रममा बाग्लुङ नगरपालिका वडा नं १२ का वडा सदस्य महानन्द शर्मा, युनाइटेड क्लब का कोषाध्यक्ष सुर्य बहादुर बानिया, बागलुङ समाज पोखराका निबर्तमान अध्यक्ष डिल्लि प्रसाद शर्मा, बागलुङ समाज पोखरा का उपाध्यक्ष नरेश सुबेदि, कोषाध्यक्ष बालकृष्ण सापकोटा, दुमनाथ शर्मा लगाएतको उपस्थिती रहेको उक्त कार्यक्रममा स्वागत मन्तब्य ठाकुर प्रसाद सापकोटा र युनाइटेड क्लबका कार्यसमिति सदस्य जयराम आचार्यले कार्यक्रम सञ्चालन गरेका थिए।

सफल सादा दही बजारमा

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

सुजल डेरीको सफल सादा दही पोखरा बजारमा उपभोक्ताको लागि उपलब्ध गराएको छ।

सफल सादा दही चिनी रहित हो, जुन प्रशोधित दूधबाट नवीनतम होमोजेनाइजेसन र पाश्चराइजेशन प्रविधिबाट उत्पादन गरिन्छ । सफल सादा दहीमा ल्याटिक कल्चरको प्रयोग गरि बाक्लो र क्रिमयुक्त बनाइन्छ जस्ले गर्दा क्रिमि र टेस्टी हुन्छ

सफल सादा दही स्वस्थ र पौष्टिकताले भरिपुर्ण रहेको छ । सफल सादा दहीमा कुनै अतिरिक्त चिनी छैन । सफल सादा दही नियमित उपभोक्ता, स्वास्थ सचेत व्यक्तिहरू, मधुमेह रोगी र गुलियो कम मनपराउने व्यक्तिहरुका लागि एकदम उत्तम रहेको छ । सफल सादा दहीले पाचन शक्ति बढाउछ, रगतमा चिनीको मात्रा कायम राख्छ र सङसँगै वजनलाई पनि सन्तुलित राख्न मदत पुराउँछ । सफल सादा दहीबाट नेपाली संस्कृतिमा प्रचलित स्वादिष्ट परिकारहरू जस्तै लस्सी, चुकौनी, सिर्कनी, राइता बनाउन सकिन्छ । सफल सादा दही स्वस्थ र टेस्टि भएकाले यसको सेवन गरी आन्द लिन सकिन्छ।

एमाले तनहुँ अधिवेशन : २३ सदस्य निर्विरोध चयन

पोखरापत्र संवाददाता
तनहुँ, ३० बैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले) तनहुँ जिल्ला कमिटीको दशौं अधिवेशनबाट २३ जना सदस्य निर्विरोध चयन भएका छन् । आइतबार दिउँसो भएको उम्मेदवारी दर्तामा विभिन्न क्लष्टरबाट २३ जना जिल्ला सदस्य निर्विरोध चयन भएका हुन्।

निर्वाचन कमिटीका संयोजक पदमप्रसाद लामिछानेका अनुसार जिल्ला मजदुरबाट सोमबहादुर आले र भीमबहादुर गुरुङ, जिल्ला खुल्ला अपाङ्गबाट मदन थापा, भूगोल भानु नगरपालिकाबाट महिलातर्फ रुपा तामाङ र उमा श्रेष्ठ निर्विरोध चयन हुनुभएको छ। यसैगरी लेखा कमिटीको अध्यक्षमा प्रेमप्रसाद पौडेल, उपाध्यक्षमा आरसी पण्डित, सचिवमा त्रिभुवन श्रेष्ठ, सदस्यहरूमा रामजी खत्री क्षेत्री र कोपिला थापा निर्विरोध चयन हुनुभएको छ । अन्य पदहरूमा मतदानको तयारी गरिएको छ । निर्वाचनमा कूल पाँच सय ८७ मतदाता छन्। जिल्ला अध्यक्षमा हरिराज कँडेल र विष्णुभक्त सिग्देल, उपाध्यक्षमा राजेश्वर ढकाल र श्रीराम कार्की, सचिवमा प्रदीपराज अधिकारी र अनिल पाण्डे, उपसचिव खुलामा खीमबहादुर कुमाल र आरके पोखरेल, महिला उपसचिवमा सुनिता नेपाली र बसुन्धरा घर्ती प्रतिस्पर्धामा हुनुहुन्छ।

यु-२३ बास्केटबलको उपाधि पिप्लेलाई

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

पिप्ले बास्केटबल क्लबले यु-२३ बास्केटबल प्रतियोगिताको उपाधि चुमेको छ।

महेन्द्रपुल युथ क्लबको आयोजनामा जारी यु-२३ बास्केटबल प्रतियोगिताको फाइनलमा केबीए सेतोलाई ७३-४३ स्कोरको फराकिलो अन्तरले हराउँदै उपाधि चुमेको हो । पोखरा रंगशालास्थित बास्केटबल कोर्टमा भएको फाइभ वाई फाइभ बास्केटबलको पहिलो क्वाटरमा पिप्लेले १८-१२ को स्कोर निकालेको थियो। दोस्रो क्वाटरमा ३०-९, तेस्रो क्वाटरमा १६-१० र अन्तिम क्वाटरमा २५-१२ को स्कोर निकालेको हो । उपाधिसँगै पिप्लेले ४० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता केबिएले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । पिप्लेका पुस्कल छन्त्याल प्रतियोगिताको सर्वश्रेष्ठ खेलाडी घोषित भए । उनले ट्रफी हात पारे । यस्तै केबिएका विपुल गुरुङले सर्वाधिक स्कोररको ट्रफी हात पारे । उनले खेलभर कुल १३ स्कोर गरे । २८ गतेबाट सञ्चालन भएको प्रतियोगितामा कुल १३ टिमको सहभागिता रहेको थियो। शनिबार नै फाइनल खेल हुने भनिएपनि वर्षाका करण खेल आइतबार भएको हो । फाइनल खेलको समापनमा बोल्दै खेलकुद परिषद गण्डकीका उपाध्यक्ष तथा गण्डकी बास्केटबल संघका अध्यक्ष ध्वजकुमार गुरुङले आगामी वर्षदेखि प्रदेशले प्रतियोगितालाई साथ दिने प्रतिबद्धता व्यक्त गरे।

बास्केटबल पनि लोकप्रिक खेल मध्येकै एक रहेको र यसको प्रतियोगिताहरु हुँदै आइपनि अझ चर्चामा ल्याउन आवश्यक रहेको उनले सुनाए । क्लबका अध्यक्ष आनन्द तझ्याले युवा खेलाडी लक्षित गरेर यु-२३ बास्केटबलको आयोजना गरेको बताए । प्रतियोगितालाई सहयोग गर्नेहरुलाई धन्यवाद ज्ञापन गर्दै उनले अब महेन्द्रपुल युथ क्लब पुनः जागरण भएको र हरेक वर्ष विभिन्न खेल गतिविधिको आयोजना गर्ने बताए।

फेवातालको मुहानबाटै जलकुम्भी झार निकाल्न सुरु

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

पोखराको फेवातालको मुहानबाटै जलकुम्भी झार निकाल्न सुरु भएको छ । पोखरा-१८ खपौदी ढल्केबर स्थित फेवातालमा वातावरण संरक्षणका लागि महाअभियान कास्कीको आयोजनामा "वातावरण एवं सम्पदा संरक्षणमा नागरिक खबरादारी" भन्ने मुल नाराका साथ फेवातालको मुहानबाट जलकुम्भी झार सफाइ अभियान आइतबारबाट सुरु भएको हो।

नागरिक महाअभियान कास्कीका संयोजक समेत रहनु भएको राम बहादुर पौडेलको अध्यक्षतामा भएको सफाई अभियानमा सशस्त्र प्रहरी बल कालिका गण मालेपाटन पोखराका गणपति एसपी अरुण पौडेल शर्मा सहितको टोलीले सफाई अभियानको सुरुवात गर्नु भएको हो। हरेक बर्ष चैत्रमा हुने उक्त कार्यक्रम विविध कारणले ढिला हुन गएकाले यो बर्ष बैशाखको अन्तिम साता शुरुआत गरिएको संयोजक पौडेलले जनाउनु भयो । शुरुआतका दिनमा सशस्त्र प्रहरी, नेपाली सेना, महानगरिय प्रहरी, स्थानीय आमा समुह, नागरिक समाज, रेवान, सामाजिक संघसंस्था, पत्रकारहरुले सफाइ अभियानमा सहभागि हुनु भएको थियो । भोलि देखि जलारी समुदायले ज्याला सहित जलकुम्भी सरसफाइ अभियानलाई निरन्तरता दिने पोखरा महानगरपालिका वडा नं. ६ का वडा अध्यक्ष बिष्णु बहादुर भट्टराईले बताउनु भयो।

उक्त कार्यक्रममा पोखरा महानगरका वडा नं.६ र १८ का वडाध्यक्ष सहित रेवान, विभित्र समुहका अभियान्ताहरु, आमा समुहहरु , जलहारी समुदाय, पर्यटन ब्यावासायीहरु, सशस्त्र प्रहरीको कालिका गण, नेपाली सेनाको कृष्णदल गण, रणचन्डी गण, पोखरा महानगरको महानगरी प्रहरी लगायत स्थानीय र संचारकर्मी गरि करिब ३०० जनाको सहभागिता रहेको थियो । पोखराको फेवातालमा प्रदुषण बढ्दै जादा जलकुम्भी झार समेत फैलिदै जाने हुदा हिउदको समय चैतमा सानै बिरुवाकै अबस्थामा फेवातालको मुहानबाट हटाउनुपर्ने विज्ञहरुले बताउदै आउनु भएको छ। वैशाख, जेठमा उक्त झार बढ्दै जादा हटाउन निकै कठिन र धेरै जनशक्ति लाग्ने भएको डुंगा व्यवसायीहरुले बताउनु हुन्छ। पोखरा महानगरले उक्त अभियानमा सहयोग गर्दै आएको छ।

पुम्दीकोटको ...

पहिचान बनाएको बताउँदै थप आकर्षकीय संरचना निर्माणको चरणमा रहेको बताउनुभयो।

पोखरा महानगरपालिका वडा नं. २२ स्थित पुम्दीकोटमा निर्माण भएको ५२ फिट अग्लो शिव मूर्ति मुख्य आकर्षण रहँदा नजिकै सुमेरु पर्वत नामाकरण गरी पार्वती र कुमारको पनि मूर्ति स्थापना गरिएको छ । शिवको बृहत् चिनारीसहित १०८ शिवलिङ्ग, १०८ स्वर्गद्वारी सिँढी, गुरु महाराज आश्रम, हरियाली बर्गैंचा, शान्ति स्तम्भ, ज्येष्ठ नागरिक मिलन केन्द्र, ध्यान केन्द्र, पार्किङस्थललगायतका संरचना अधिकांश निर्मण भइसकेका छन्।

सरकारबाट प्राप्त २२ रोपनी क्षेत्रफलमा कूल २७ करोड लगानीमा निर्माण भएको संरचनामा ७ करोड सरकारी सहयोग र अन्य २० करोड महायज्ञ, संघसंस्था, व्यक्ति तथा भक्तजनबाट संकलन गरिएको अध्यक्ष बरालले बताउनुभयो।

निजी क्षेत्रबाट साहसिक खेलहरुसहित सुविधासम्पन्न ड्रिम सिटी पुम्दी पनि सञ्चालनमा आएको छ । जहाँ ३५ जनाले रोजगारी पाएको सञ्चालक राजु बराल बताउनुहुन्छ। परिकल्पनाकार तथा अध्यक्ष बराल लगायत पदाधिकारीले प्रदेश प्रमुखसहित टोलीलाई स्वागत गर्दै भूमेश्वर महादेव मन्दिर, कैलाश पर्वत, सुमेरु पर्वतलगायत निर्मित संरचनाका बारेमा जानकारी गराउनुभएको थियो । पोखराको मुख्य बजारबाट आधा घण्टाकै समयमा पुग्न सकिने करिब १५ किलोमिटरको दूरीमा रहेको पुम्दीकोटबाट माछापुच्छ्रेसहित अन्नपूर्ण हिमशृ्ङ्ग ला, फेवाताल, पोखरा बजारक्षेत्र लगायतका मनोरम दृश्य देख्न सकिन्छ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने ।
- » मुख बाङ्गो भएको ।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- » हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति जेठ ५ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

पाइल्स	:कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला	:मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर	:मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक	:मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु	:अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१५४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६५४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

सम्पादकीय

मधेशमा जसपा नेपाललाई धक्का

मधेश प्रदेश सरकारबाट नेकपा एमाले र माओवादी केन्द्रका मन्त्रीहरुले राजीनामा दिएपछि जनता समाजवादी पार्टी नेपाल नेतृत्वको सरकार अल्पमतमा परेको छ । जसपा नेपाल विभाजन पछि मधेश प्रदेश सरकार कमजोर बनेको थियो।उपेन्द्र यादवलाई केन्द्रीय सरकारबाट हट्न दबाबका लागि माओवादी केन्द्र र एमालेका मन्त्रीहरुले दुई दिन अघि नै राजीनामा दिन लागेका थिए।बैकल्पिक सरकारका लागि जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संग सहमति जुट्न बाँकी रहँदा जनता समाजवादी पार्टी नेपाललको सरकार टिकेको थियो ।

एमाले र माओवादी केन्द्रले समर्थन फिर्तासंगै बैकल्पिक सरकारका लागि सांसद संख्या पुगेपछि बल्ल समर्थन फिर्ता भएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड नेतृत्वको सरकारबाट हट्न दबाब पछि बल्ल सरकार सरकारबाट समर्थन फिर्ता लिने निर्णय गरेको छ । आइतबार आकस्मिक रूपमा बसेको जसपा नेपाल कार्यकारिणी समितिको बैठकले सरकारबाट हट्ने निर्णय गरेको हो । यद्यपि त्यो निर्णय सार्वजनिक गरिएको भने छैन । मधेस प्रदेश सरकारबाट माओवादी र एमालेले समर्थन फिर्ता लिए लगत्तै जसपा नेपालले केन्द्रीय सरकारबाट फिर्ता हुने निर्णय गरेको छ।'मधेस प्रदेशमा जसरी माओवादी र एमालेले गरेका गरेका छन् । त्यसरी नै जसपा नेपालले पनि केन्द्रबाट हट्ने निर्णय गरेको छ ।

सरकारबाट समर्थन फिर्ता लिने निर्णय भइसकेको छ । मधेस प्रदेशमा जसपा नेपालले सरकारको नेतृत्व गरेको छ। सो सरकारबाट माओवादी र एमालेले आजै समर्थन फिर्ता लिएका छन् । संघीय सरकारमा जसपा नेपालबाट सो पार्टीका अध्यक्ष उपेन्द्र यादव उपप्रधान तथा स्वास्थ्य मन्त्री छन् । जसपा नेपाल विभाजन भएपछि यसरी राजनीतिक घटनाक्रम अगाडि बढेको छ । अध्यक्ष यादवले सरकारका विषयमा प्रधानमन्त्री प्रचण्ड र एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग छुट्टाछुट्टै भेटघाट गरेका थिए । भेटघाटका क्रममा यादवले मधेस प्रदेश सरकारका बारेमा कुराकानी गरेका थिए । तर माओवादी र एमालेले यादवको कुरामा सहमति नजनाएपछि राजनीतिक घटनाक्रम अगाडि बढेको छ ।

जसपा नेतृत्वको मधेस सरकारबाट माओवादी र एमाले फिर्ता भइसकेपछि त्यहाँ अर्को गठबन्धन बनिसकेको छ । सो गठबन्धनमा एमाले, माओवादी, लोसपा र जनमत रहेका छन् । मुख्यमन्त्रीले विश्वासको मत लिन अगावै नयँ मुख्यमन्त्रीका लागि दावी पेश हुने भएको छानेपाली उखान रात रहे अग्राह पलाँछ भने झै अवस्था आउन नदिन मुख्यमन्त्री दाबी पेश र नियुक्ती हुने वातावरण बन्दै गएको छ ।

तपाईको आज

मेष	: आर्थिक समस्या	तुला	: कार्यमा सफलता
वृष	: मानसिक तनाब	वृश्चिक	: शुभ यात्रा
मिथुन	: शारीरिक झमेला	धनु	: स्वास्थ्यमा सुधार
कर्कट	: ब्यापारमा लाभ	मकर	: सहयोग मिल्नेछ
सिंह	: शत्रुको भय	कुम्भ	: अप्रत्यसित लाभ
कन्या	: झमेला बढ्ने	मीन	: सत्कार मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

हेमजामा सर्प संरक्षण सम्वन्धि सचेतनामूलक कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३० बैशाख

आदर्शमणि टोल विकास संस्थाको आयोजनमा हेमजामा सर्प संरक्षण तथा जनचेतना मूलक कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा महानगर पालिका वडा नं. २५ को सहयोग तथा सर्प संरक्षण समाजको सहकार्यमा भएको जनचेतना मूलक कार्यक्रममा २ सय ५० जनाको सहभागिता रहेको थियो । विषालु र अविषालु सर्प कसरी चिन्ने, सर्पबाट हुने फाइदा, यसबाट वच्ने उपायका विषयमा कार्यक्रम जानकारी दिइएको थियो । कार्यक्रममा सर्प संरक्षण समाजका अनुसन्धानकर्मी एवम् सर्प संरक्षणकर्मी ऋषि बरालले नेपालका विषालु सर्पहरु पहिचान, सर्प दंश र त्यसको व्यवस्थापन, सर्प संरक्षण समाजका आजिवन सदस्य सर्प संरक्षकर्मी केशवराज सापकोटाले आफ्ना अनुभव र सर्प संरक्षण समाजका सदस्य अभिषेक सापकोटाले कास्की र हेमजामा पाइने विभिन्न प्रजातिका सर्पहरुका वारेमा सहजिकरण गरेका थिए ।

उक्त कार्यक्रममा सम्पूर्ण हेमजावासीको तर्फबाट विगत ३५ वर्षदेखि वन्यजन्तुको अध्ययन, अनुसन्धान एवम् लाटोकोसेरो संरक्ष अभियानमा सक्रिया प्रकृतिका साथीहरुका निर्देशक राजु आचार्यलाई सम्मान गरिएको थियो । आचर्यलाई कार्यक्रमका प्रमुख अतिथी पोखरा महानगरपालिका प्रवक्ता तथा पोखरा–२५ हेमजाका वडा अध्यक्ष मोतिलाल तिम्सिनाले सम्मान पत्र, पोखरा महानगर पालिका कार्यपालिका सदस्य तथा पोखरा–२५ हेमजाकी वडा सदस्य धनकुमारी पोखेल तिम्सिनाले दोसल्ला, आदर्शमणि टोल विकास संस्थाका अध्यक्ष दान बहादुर भुजेल तथा अनुसन्धानकर्मी, सर्पसंरक्षकर्मी ऋषि वराल र सर्प संरक्षणकर्मी केशवराज सापकोटाले अविर लगाएर सम्मान गरेका थिए ।

वेलायती राजकुमारी एनबाट हरित क्षेत्रको ओस्कार मानिने ह्विट्ली पुरस्कारबाट सम्मानित भएकोमा आचर्यलाई हेमजामा सम्मान गरिएको हो । आचार्यलाई लाटोकोसेरो संरक्षणमा पुऱ्याएको योगदानको कदर स्वरुप ५० हजार पाउण्डको राशि प्रदान गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथी पोखरा महानगर पालिका प्रवत्ता तथा पोखरा–२५ हेमजाका अध्यक्ष मोतिलाल तिम्सिनाले प्रकृतिमा रहेका हरेक जिव जन्तुको आ–आफ्नै महत्व रहने बताए । 'वडाले सर्पसंरक्षकर्मीसँग सहकार्य गरेर पहिलो पटक फरक खालको कार्यक्रम गर्ने अवसर मिलेको छ' उनले भने,'समाजमा आवश्यकता तर ओझेलमा परेका यस्ता खालका कार्यक्रम प्रत्यक ठाँउमा हुनु पर्ने अहिलेको आवश्यकता हो ।' कार्यक्रममा सम्मानित व्यत्तित्व प्रकृतिका साथीहरुका निर्देशक राजु आचार्यले संरक्षणकै कार्यक्रममा आफू हेमजा सम्मानित हुन पाएकोमा खुशी व्यक्त गर्दै हरेक जिव जन्तुको संरक्षणको खाचो रहेको उल्लेख गरे । आर्दमणि टोल विकास संस्था हेमजाका अध्यक्ष दानबहादुर भुजेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रकाशचन्द्र सापकोटाले गरेका थिए ।

पुर्ख्यौली कला, संस्कृतिको संरक्षण गर्न मादल बजाउने तालिम

पोखरापत्र संवाददाता
म्याग्दी, ३० बैशाख

म्याग्दीका बेनीनगरपालिका-४ सिङ्गामा पुर्ख्यौली कला, संस्कृतिको संरक्षण गर्न मादल बजाउने तालिम दिन सुरुआत गरिएको छ। वडा कार्यालयको आयोजनामा आजदेखि गीत-सङ्गीतको क्षेत्रमा अत्यावश्यक वाद्यवादनका रूपमा चिनिने मादल बजाउने सीप सिकाइसम्बन्धी तालिम सञ्चालन गरिएको हो ।

एक सातासम्म सञ्चालन हुने तालिममा वडाभित्रका विभिन्न टोल, बस्तीमा रहेका महिला र आमा समूहका ४० जनाको सहभागिता रहेको छ। एक सातासम्म सञ्चालन हुने तालिममा मादल बजाउने सीपका साथै मादलका तालललगायतका बारेमा कृष्ण जिसीले व्यावहारिक तालिम प्रदान गर्नुहुने भएको छ ।

पछिल्लो समय मादल बजाउने सीप हराएर जाने अवस्था आएको र युवापुस्तामा मौलिक संस्कृतिका बारेमा बेखबर हुने जोखिम बढेपछि महिलाहरूका लागि मादल बजाउने सीप प्रदान गर्न तालिम सञ्चालन गरिएको वडाअध्यक्ष अणबहादुर खड्काले बताउनुभयो । उहाँले गाउँघरमा हुने पूजा, विभिन्न पर्व, भजनकीर्तनमा वाद्यवादन गर्ने व्यक्तिको अभाव हुँदै गएको अवस्थामा मादल बजाउने तालिमले पुराना संस्कृति र परम्पराको संरक्षणमा समेत सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा वडा सचिव बिनिता रेग्मीले गाउँघरमा हुने भजनकीर्तनमा मादल बजाउनेको अभाव हुने र सीप भएको मान्छेको खोजी गर्नुपर्ने बाध्यताको अन्त्य गर्न तालिमले सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा जनचेतना युवा क्लबका पूर्वअध्यक्ष देवेन्द्र चोखाल र प्रशिक्षक जिसीले नयाँ पुस्तामा पुर्ख्यौली संस्कृति र सीप हस्तान्तरण गर्न तालिम सहयोगी बन्नेमा जोड दिनुभयो । म्याग्दीमा पछिल्लो समय पुर्ख्यौली कला, संस्कृतिको संरक्षण र संवर्द्धनसँगै पुस्तान्तरणका लागि स्थानीय तह सक्रिय भएका छन् ।

सार्वजनिक सूचना

बागलुङ जिल्ला धम्जा-३ बस्ने लालमती छन्त्यालको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३३ को कित्ता नं. ६२९५ को क्षेत्रफल १८२.८० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि.नं. ६२९४, पूर्व कि.नं. ६२९६ र दक्षिण तर्फ कि. नं. २००१ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

किसानलाई मौरीसहितको घार अनुदानमा

पोखरापत्र संवाददाता
दमौली, ३० बैशाख

बन्दीपुर गाउँपालिका वडा-५ ले वडाका ९२ जना किसानलाई अनुदानमा मौरीसहितका घार वितरण गरेको छ। उनीहरू आय बढाउन वडाले मौरीसहितका घार वितरण गरेको हो ।

किसानलाई ६० प्रतिशत अनुदानमा मौरीहितका घार उपलब्ध गराइएको वडाध्यक्ष ध्रुवप्रसाद लामिछानेले जानकारी दिनुभयो । त्यसमा ४० प्रतिशत किसानको साझेदारी छ। स्थानीयलाई मह उत्पादनमा आकर्षित गर्दै ग्रामीणस्तरमा पोषण परिपूर्ति गर्ने उद्देश्यका साथ मौरीसहितको घार उपलब्ध गराइएको उहाँले बताउनुभयो ।

वडाका हरेक किसानलाई समृद्धिसँग जोड्ने अभियानस्वरुप सहयोग गरिएको बताउँदै उहाँले भन्नुभयो, "वडाभित्रका हरेकलाई आयआर्जनसँग जोड्ने सोच राखेका छौं । वडाले पशुपालन, कृषि, रोजगारीलाई प्राथमिकतामा राखेको छ । उद्यम गर्न चाहने सबैलाई वडा कार्यालयले सहयोग गर्नेछ ।" उत्पादित महको बजारीकरणका लागि पनि वडा कार्यालयले सहयोग गर्ने वडाध्यक्ष लामिछानेले बताउनुभयो ।

यातायात सञ्जालसँग जोडियो म्यादीको निस्कोट

पोखरापत्र संवाददाता
म्याग्दी, ३० बैशाख

म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोट पालिकाको केन्द्र दरबाङ बजारसँग सिधा यातायात सञ्जालमा जोडिएको छ । मालिका-१ र मङ्गला गाउँपालिका-५ लाई दरबाङसँग जोड्न छ्यारछ्यारेस्थित म्याग्दी नदीमाथि पुल निर्माण भएसँगै निस्कोट यातायात सञ्जालसँग जोडिएको हो । पश्चिम म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाको व्यापारिक केन्द्रका रुपमा रहेको दरबाङ बजार मालिका गाउँपालिकाको केन्द्र पनि हो । छ्यारछ्यारेमा पुल निर्माण भएपछि निस्कोटको दरबाङसँग सिधा यातायात सम्पर्क स्थापित भएको मालिका-१ का वडाध्यक्ष टङ्कप्रसाद पुनले बताउनुभयो । "१५ वर्षअघि सडकले जोडिए पनि निस्कोटमा बर्खामा यातायात सञ्चालन बन्द हुँदै आएको थियो", उहाँले भन्नुभयो, "छ्यारछ्यारेमा पुल बनेपछि सिङ्गो वडामा बाह्रै महिना यातायात सम्पर्क स्थापित भएको छ ।" पूर्वाधार विकास कार्यालय म्याग्दीले प्रदीप जुम्ली जेभीसँग विसं २०७७ साउन ४ गते रु चार करोड ४५ लाख ८१ हजारमा ४० मिटर लामो पुल निर्माणको ठेक्का सम्झौता गरेको थियो । उक्त योजनाअन्तर्गत 'स्टिल ट्रष्ट' प्रविधिको मोटरेबल पुल निर्माण भएर सञ्चालनमा आएको कार्यालयका प्रमुख इञ्जिनियर विष्णु पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार स्टिल ट्रस्टमाथि ढलान गरी दुवैतर्फ फुटपाथ बनाइएको छ । हिउँदयाममा म्याग्दी खोलाबाटै जोखिमपूर्ण यात्रा गर्नुपर्ने र बर्खायाममा पूर्णरुपमा सवारी आवागमन बन्द हुने गरेको अवस्थामा पक्की पुल निर्माण भएपछि राहत भएको मङ्गला-५ छिस्वाङका तिलक गौतमले बताउनुभयो ।

उहाँका अनुसार यो पुल निर्माण भएसँगै निस्कोटका साथै मङ्गला गाउँपालिकाको छिसवाङ, टिकवाङ र मालिका गाउँपालिकाको रुम र छिमेकी जिल्ला बागलुङको ताराखोलाका सर्वसाधरणसमेत लाभान्वित भएका छन् । निस्कोटबाट मङ्गलाको टिकवाङ-रुम-बागलुङको ताराखोला-खोप्टी-छिसवाङसम्म सडक सञ्जालले विस्तार भएको छ ।

तल्लो सेती जलविद्युत् आयोजनाको कामलाई तीव्रता दिइँदै

पोखरापत्र संवाददाता
म्याग्दी, ३० बैशाख

तनहुँको बन्दीपुर गाउँपालिका-६ साराङघाटमा कार्यालय स्थापना गरेर तल्लो सेती जलविद्युत् आयोजनाको कामलाई तीव्रता दिइएको छ । तनहुँ हाइड्रोपावर लिमिटेडले एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । सोही कम्पनीले १२६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजनाका लागि कार्यालय स्थापना गरेर कामलाई तीव्रता दिन थालेको हो ।

आयोजनाले साराङघाटमा घर भाडामा लिएर यही वैशाख १ गतेदेखि कार्यालय सञ्चालन गरेको हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार तल्लो सेतीको तीन सय ७५ मिटर लामो अनुसन्धानात्मक अडिट सुरुङ निर्माणका लागि आरके इञ्जिनियरिङ एण्ड एसोसिएटस्सँग खरिद सम्झौता गरिएको छ। आयोजनाका लागि भौगर्भिक अवस्था परीक्षण गर्न अनुसन्धानात्मक अडिट सुरुङ निर्माण गर्न लागिएको श्रेष्ठले बताउनुभयो । अनुसन्धानका लागि निर्माण गरिने उक्त सुरुङ पछि अन्य कामका लागि प्रयोगमा आउने उहाँको भनाइ छ । डेढ वर्षभित्र उक्त सुरुङ निर्माण गरिसक्ने लक्ष्य राखिएको छ । सरकारले आयोजनाका लागि तनहुँ जिल्लामा करिब पाँच सय ७७ र चितवन जिल्लामा करिब ३२ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिइसकेको छ । लिमिडेटले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा उक्त प्रस्ताव गरेको थियो । सरकारले जग्गा प्राप्त गर्नका लागि स्वीकृति प्रदान गरेसँगै आयोजनाका लागि जग्गा अधिग्रहणको काम अगाडि बढाउन सहयोग पुग्ने श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "विविध कारणले जग्गा प्राप्तिका लागि स्वीकृति पाउन ढिलाइ भइरहेको थियो । सरकारको निर्णयसँगै अब जग्गा अधिग्रहणको कामलाई अगाडि बढाइनेछ ।" तल्लो सेती जलविद्युत् आयोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एसियाली विकास बैंक (एडिबी) ले लगानीका लागि चासो दिएका छन् । दुवै दाताहरु यसका लागि सकारात्मक रहेका प्रबन्ध सञ्चालक श्रष्ठले बताउनुभयो । उहाँका अनुसार उक्त आयोजनाको लागत रु २५ अर्ब अनुमान गरिएको छ। तनहुँ जलविद्युत् आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको प्रबन्ध सञ्चालक श्रष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त आयोजना निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) निर्माण भइसकेको छ।

आयोजनाले विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाएको थियो । परामर्शदाताले पेस गरेको विस्तृत डिजाइन प्रतिवेदन पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते डिजाइन पुनरावलोकन प्रतिवेदन बुझाइसकेको छ । कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको जनाएको छ। साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब ३.५ मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्र सम्बन्धी कागजात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २ ९ गते खरिद सम्झौता भएको थियो । आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट-३ र ४ हुँदै ६.८ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमबाट करिब पाँच सय मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्धभूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको प्रबन्ध सञ्चालक श्रेष्ठले बताउनुभयो । आयोजनाबाट बन्दीपुर-६, व्यास नगरपालिका-१३ र १४, देवघाट-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछन् । देवघाट-४ गाइघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ ।

उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ । यसका लागि करिब दुई किमी प्रसारण लाइनको निर्माण गर्नुपर्ने आयोजना कार्यालयले जनाएको छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किमी लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुनेछ । आयोजनाबाट वार्षिकरुपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने जनाइएको छ ।

छ दशकदेखि ज्ञान बाँड्दै लालचन्द्र

रामबहादुर थापा
गण्डकी, ३० बैशाख/रासस

तपाईंलाई आज हामी कम्तिमा ६० वर्ष पुरानो किताब दोकानमा लैजाँदै छौँ । त्यो बागलुङ बजारको लालीगुराँसचोकमा विसं २०२१ मा खुलेकोलालचन्द्र-राजेशचन्द्रराजभण्डारी किताब दोकान हो ।

पुस्तक, पत्रपत्रिका तथा स्टेशननरी बेचेर स्थानीयस्तरमा छ दशकदेखि ज्ञान बाँड्दै आएका लालचन्द्र राजभण्डारी दोकानको कुनापट्टि एउटा कुर्सी राखेर टुसुक्क बसिरहनुभएको छ । त्यहीबेला हामी पनि ८२ वर्षीय राजभण्डारीसँग भलाकुसारी गर्न टुप्लुक्क पुग्यौ । भण्डारीले छ दशकसम्म किताब बेचेर हासिल गरेको अनुभव जान्नु थियो हामीलाई । हाम्रो कुराकानी सुरूभयो नमस्कारको अभिवादनसँगै । “आरामै हुनुहुन्छ गुरु ?”

कसैका लागि शिक्षादिक्षा दिने गुरु । कोहीका लागि राजनीतिक-सामाजिक गुरु । कसैले यसै सम्मानपूर्वक पुर्काने गुरु । बस् ! लालचन्द्र गुरु । त्यसैले हामीले पनि गुरु भनेरै सम्बोधन गर्‍यौ । “आरामै छु बाबु !” अब उहाँसँगको कुराकानी सुरूभयो । कुराकानीबाट थाहा भयो, उहाँले एउटा पुस्तक व्यवसायीका रूपमा स्थानीयलाई ज्ञान बाड्ने र तिनै पुस्तक पढेर आफूले पनि समकालीन समाज, राज्य व्यवस्था र राजनीतिलाई बुझ्नुभएको रहेछ । त्यही बुझाईले उहाँलाई बहुदलका पक्षमा प्रखररूपमा उभिन सघाउ पुग्यो र अरूलाई पनि परिवर्तको आन्दोलनमा सघाउने चेतना फैलियो । ६५ वर्षअघिको कुरा हो । विसं २०१६ मा उहाँले पाल्पाबाट एसएलसी दिनुभयो । हालको बागलुङ नगरपालिका-३ स्थित विद्यामन्दिर माध्यमिक विद्यालयमा १० कक्षासम्म अध्ययन गरे पनि त्यसताका एसएलसी दिन कि पाल्पा कि काठमाडौँ जानुपर्ने भएकाले उहाँले पाल्पाबाट एसएलसी दिनुभएको थियो । एसएलसीपछि काठमाडौँको त्रिचन्द्र कलेजबाट उहाँको उच्च शिक्षा अध्ययन सुरूभयो । उहाँकी बहिनी गङ्गा र भाइ कृष्णचन्द्र घरमै बसेर पढिरहनुभएको थियो । पछि भाइ कृष्णचन्द्र चिकित्सा अध्ययनका लागि भारत पुग्नुभयो । त्यसपछि घरमा व्ययभार थपियो । उहाँका स्थानीय किनाराटोलमा कपडा दोकान सञ्चालन गरिहरनुभएका बुबा तेजबहादुरलाई छोराछोरीको पढाइ खर्च धान्न गाह्रो हुँदै गयो । यतिसम्म समस्या भयो कि विद्यालयको शुल्क तिर्न नसकेपछि छोरी गङ्गाको पढाइ बीचमै रोकिने अवस्था आयो । छोरा कृष्णचन्द्रले पनि पढाइ छोडेर घर फर्कनुपर्‍यो । त्यसपछि लालचन्द्रले पनि आफ्नो पढाइलाई निरन्तरता दिनसक्नु भएन । उहाँ काठमाडौँ छोडर बागलुङ फर्कनुभयो । यहाँ आएपछि उहाँले आफैँले पढेको विद्यामन्दिर माविमा अध्यापन गर्न थाल्नुभयो । “विसं २०१८ देखि तीन वर्षसम्म शिक्षक भएर काम गरेँ । कक्षा आठ र नौमा गणित र नेपाली विषय पठाउँथेँ”, उहाँले स्मरण गर्नुभयो, “पछि प्रधानध्यापकसँग कुरा नमिलेपछि पढाउन छाडेँ र विसं २०२१ पुसदेखि हो यो पुस्तक दोकान सुरु गरेको ।”

भाइबहिनीको पढाइलाई निरन्तरता दिन आफूले पढ्न छाडेर पढाउने पेसा र व्यवसाय रोजेको लालचन्द्रको भनाइ छ । त्योबेला बागलुङ बजार बसिसकेको थिएन । चारैतिर फाँटैफाँट थियो । फाट्टफुट्ट घर बन्न थालेका थिए । राधाकृष्णटोलको पुरानो घरमा उहाँले पुस्तक दोकान सुरू गर्नुभयो । पहिलोपटक जनकपुरबाट पुस्तक ल्याएर दोकान खोलेको क्षण लालचन्द्रको मनस्पटलमा ताजै छ । “त्यो बेला मङ्सिरमा शैक्षिक शत्र सकिने भएकाले पुस लागेपछि पुस्तक दोकान सुरू गरेका थियौँ”, उहाँले भन्नुभयो, “सुरूमा पाठ्यपुस्तक र परीक्षा सहयोगी पुस्तक बढी बेचिन्थ्यो, पछि धार्मिक, साहित्यिक पुस्तक र पत्रपत्रिकासमेत बेच्न थाल्यौँ ।” जनकपुरबाट भैरहवा हुँदै गाडीमा पोखरा आएका पुस्तकलाई पोखरादेखि भरिया लगाएर बागलुङ ल्याउने गरेको उहाँले सुनाउनुभयो । भरियाले दुई सय ज्याला लिएर पोखराबाट दुई दिनमा पुस्तक बागलुङ पुर्‍याउँथे । “हुलाकबाट पनि पुस्तक, पत्रपत्रिका दोकानमा आउँथ्यो । पुस्तक मगाउँदा पनि हुलाकबाटै चिठ्ठीमा लेखेर पठाउनुपर्थ्यो, फोन सुविधा थिएन”, लालचन्द्रले ति दिन सम्झनुभयो । उहाँले जेठो दाइ सूर्यचन्द्रसँग मिलेर पसल सुरू गर्नुभएको थियो । नाम ‘लालचन्द्र-सूर्यचन्द्र पुस्तक तथा स्टेशनरी दोकान’ थियो । विसं २०२७ मा भाइ कृष्णचन्द्रको नाम जोडेर ‘लालचन्द्र-कृष्णचन्द्र पुस्तक तथा स्टेशनरी दोकान’ को नामाकरण गर्नुभयो । फेरि विसं २०३४ पछि जेठो छोरा राजेशचन्द्रको नामसहित ‘लालचन्द्र-राजेशचन्द्र पुस्तक, पत्रपत्रिका तथा स्टेशनरी दोकान’लाई निरन्तरता दिनुभयो । जुन अहिले बागलुङको दोस्रो पुरानो पुस्तक पसलका रूपमा परिचित छ । विसं २०५० तिर बागलुङ गाडी आएपछि भरिया लगाएर पुस्तक ल्याउनुपर्ने बाध्यता हट्यो । पोखरा, काठमाडौँलगायतका स्थानबाट पुस्तक तथा पत्रपत्रिका सहजै आउन थाले । अरु पुस्तक तथा स्टेशनरी व्यवसायी पनि थपिँदै गए । बजार विस्तार हुँदै गयो । त्यतिबेला म्याग्दीको राखु, दरबाङ, पर्वतको फलेवास, पश्चिम बागलुङको बुर्तिबाङसम्मका मानिस त्यहाँ पुस्तक किन्न पुग्ने गर्थे ।

किताब किनेर रातारात घर फर्कनलाई गाउँलेहरु राँको लिएर आउने गरेको उहाँले स्मरण गर्नुभयो । “पर्वत, म्याग्दीमा पुस्तक पसल थिएन, सबै यही आउनुपर्थ्यो”, उहाँले भन्नुभयो, “पत्रपत्रिका किन्न र पढ्न कर्मचारीदेखि सर्वसाधारणको भीड लाग्थ्यो ।” उबेला मातृभूमि, समीक्षा, विमर्शलगायत पत्रपत्रिका उहाँको पसलमा नियमित आउँथे । राजदूताबास र विभिन्न प्रकाशन संस्थाका माध्यमद्वारा चीन तथा भारतबाट निस्कने अखबार र पुस्तकहरु पनि उहाँको पसलमा पुग्थे तर राज्यको नजरबाट प्रगतिशील पुस्तकहरू जोगाउन उहाँलाई हम्मेहम्मे पर्थ्यो । “प्रगतिशील पुस्तक, पत्रपत्रिका पनि आउने भएकाले तत्कालीन सत्ताको नजरमा हामी तारो बनेका थियौँ”, उहाँले भन्नुभयो, “बहुदल पक्षधर भएको आरोपमा स्थानीय प्रशासनले बेलाबेला दुःख दिने गर्थ्यौ तर डराउने स्वभाव थिएन मेरो । गलत कुरा गर्‍यो भने अञ्चालाधीश, सिडिओहरुको पनि आलोचना गर्थेँ ।” उहाँले पसलमा आएका पुस्तक र पत्रपत्रिका बेच्नुमात्रै भएन आफूले पनि पढेर ज्ञान आर्जन गर्नुभयो । त्यही ज्ञानले पछि पञ्चायत विरोधी आन्दोलनमा पनि सक्रिय हुने अवस्था बनायो । आन्दोलनका क्रममा पञ्चायती व्यवस्थाको विरोधमा सार्वजनिक ठाउँमा मन्तव्य दिएका कारण त्यसबेलाका अञ्चलाधीशले जिल्लाका अड्डा प्रमुखलाई आफ्नो पसलबाट किताब, मसलन्द नकिन्नु भनेर उर्दी नै जारी गरेको उहाँको सम्झनामै छ । पञ्चायतकालमा मार्क्स, माओ र लेनिनका पुस्तक लुकाइछिपाइ बेच्ने गरेको उहाँले बताउनुभयो ।

पारिवारिक बाध्यताले व्यवसाय सुरू गरे पनि व्यावसायिक लाभसँगै शिक्षित समुदायको सेवा, बौद्धिक सङ्गत र जनचेतना अभिवृद्धिको ध्येयले आफूले पुस्तक दोकानलाई निरन्तरता दिएको उहाँको भनाइ छ । “अहिलेजस्तो सूचना प्रविधिको विकास भएको थिएन, हप्तौँपछि बल्ल पत्रपत्रिका बागलुङ आइपुग्थे”, लालचन्द्रले भन्नुभयो, “पत्रपत्रिका नपढेसम्म देशविदेशमा के भइरहेको छ भन्ने थाहा हुँदैन्थ्यो ।

त्यसैले लाभका लागि मात्र नभई स्थानीयस्तर सूचना र ज्ञान बाड्न योगदान गर्ने उद्देश्यले पनि पसललाई निरन्तरता दिनुपर्‍यो ।” पुस्तक व्यवसायी लालचन्द्र विसं २०३६ मा बागलुङ उद्योग वाणिज्य सङ्घको अध्यक्षसमेत बन्नुभएको थियो । वैचारिकरूपमा प्रष्ट र निडर स्वभावका उहाँ बहुदल पक्षधर भएकै कारण विसं २०२७ र २०३७ मा दुईपटक जेलसमेत पर्नुभएको थियो । वाम विचारधारा बोक्नुहुने उहाँ विसं २०४९ को स्थानीय चुनावमा तत्कालीन कालिका गाउँ सिवकास समितिको उपाध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँले विसं १९९७ मा स्थापित विद्यामन्दिर मावि र विसं २००३ मा स्थापित विद्यामन्दिर पुस्तकालयलगायत शैक्षिक संस्थाको नेतृत्वसमेत गरिसक्नुभएको छ । उहाँ पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घलगायत कैयन सङ्घसंस्थाबाट सम्मानितसमेत भइसक्नुभएको छ ।

८२ वषको उमेरसम्म पनि आफ्नो पुस्तक व्यवसाय र सामाजिक जीवनमा पनि सक्रिय हुनुहुन्छ । व्यवसायमा जीवनसङ्गीनी शोभा, छोराहरू राजेशचन्द्र, मुकेशचन्द्रलगायतको दरिलो साथ छ । “सानैदेखि पुस्तकसँग खेलिरहेको भएर होला अध्ययनमा पनि मेरो गहिरो रुचि छ, अहिले पनि नियमित पुस्तक पढिरहेको हुन्छु”, लालचन्द्रले भन्नुभयो, “मपछि पनि छोरानातिको पुस्ताले यो व्यवसायलाई निरन्तरता दिउन् भन्ने चाहना छ ।” सबैभन्दा रोचक त उहाँको पसलमा ५३ वर्षअघिको कुर्सी छ । त्यही कुर्सीमा बसेर उहाँले अहिले पनि व्यवसाय गरिरहनुभएको छ । समय, उमेर सबै फेरियो तर त्यही कुसी किन नफेर्नुभएको ? हाम्रो प्रश्नको जवाफमा उहाँ भन्नुहुन्छ, “नयाँ कुर्सी किन्न नसकेर होइन नि यो त माया लागेर नफेरेको ।” उहाँ पछिल्लो समय देशमा कुर्सीकै लागि राजनीतिक दलहरूबीच भइरहेको खिचातानीलाई आफ्नो कुर्सीले व्याङ्ग्य गरिरहेको सुनाउनुहुन्छ । “मैले पुस्तक व्यवसायका साथै राजनीति पनि गरे । तत्कालीन अवस्थामा गाविसको उपाध्यक्षसमेत बने तर कहिले लोभ जागेन । अरुलाई प्रेरणा दिने भूमिकामा रहेका राजनीतिकर्मीले अरुले सक्ने व्यवहार पनि गर्नुपर्छ”, उहाँले भन्नुभयो,“तर अहिले त परिवर्तनका लागि लड्ने नेताहरू नै कुर्सीकै लागि झगडा गरिरहेका छन् । त्यो देख्दा खिन्न लाग्छ ।”

दुई सय चौध विद्यार्थीलाई गल्याङ नपाको छात्रवृत्ति

पोखरापत्र संवाददाता
वालिङ, ३० बैशाख

गल्याङ नगरपालिकाले आर्थिक अभावका कारण उच्च शिक्षा अध्ययनबाट कोही बञ्चित हुनुनपररोस् भन्ने उद्देश्यले छात्रवृत्तिको व्यवस्था गरेको छ ।

नगरक्षेत्रका क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई मासिक शुल्क तथा कक्षा ११ र १२ मा अध्ययनरत अतिगरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराइएको शिक्षा शाखा प्रमुख हिमलाल भण्डारीले बताउनुभयो । गल्याङ नगरपालिकाभित्रका गल्याङ बहुमुखी क्याम्पस र मालुङ्गा बहुमुखी क्याम्पसमा अध्ययनरत अतिविपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीलाई मासिक शुल्कवापत एक वर्षको जनही रु १० हजार आठ सय प्रदान गरेको उहाँले बताउनुभयो । यसैगरी कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिस्वरुप जनही रु तीन हजार छ सय उपलब्ध गराइएको छ । “नगरभित्रका क्याम्पसमा अध्ययनरत लक्षित समूहका विद्यार्थीमध्ये १० प्रतिशत तथा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीमध्ये २० प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरेका हौँ”, उहाँले भन्नुभयो, “यस वर्ष क्याम्पस तहमा अध्ययनरत ७८ जनाको मासिक शुल्क निःशुल्क, कक्षा ११ र १२ मा अध्ययनरत एक सय ३६ जनालाई छात्रवृत्ति उपलब्ध गराएका हौँ ।” यस वर्ष पालिकाबाट दुई सय १४ जनालाई मासिक शुल्क तथा छात्रवृत्ति गरी रु १३ लाख आठ सय भुक्तानी गरिएको उहाँले बताउनुभयो । अतिविपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीका लागि सम्बन्धित क्याम्पस तथा विद्यालयले छात्रवृत्तिका लागि आवेदन माग गर्ने र प्राप्त आवेदनलाई कार्यविधिमा रहेर पालिकामा सिफारिस गर्नुपर्ने छ । “विद्यार्थीले दिएका आवेदनउपर छानबिन गरी सम्बन्धित विद्यालयले पालिकामा सिफारिस गर्छ”, उहाँले भन्नुभयो, “वास्तविक विद्यार्थी छनोट गरी छात्रवृत्ति तथा मासिक शुल्क पालिकाबाट उपलब्ध गराउँछौँ ।”

मासिक शुल्क तिर्न नसकी शिक्षाबाट कोही पनि वञ्चित हुन नदिन र शिक्षामा सबैको पहुँच स्थापित गर्ने उद्देश्यसहित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो । “विसं २०७९ मा नगरप्रमुखमा निर्वाचित भएर आइसकेपछि पदभार ग्रहण गर्दाकै बखतमा निर्णय गरिएको थियो”, उहाँले भन्नुभयो, “सोही निर्णयको कार्यान्वयन गर्दै क्याम्पस तथा सामुदायिक विद्यालयका अतिविपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीका लागि मासिक शुल्क तथा छात्रवृत्ति उपलब्ध गराएका हौँ ।” यो अभियानले नगरको शैक्षिक रुपान्तरणका लागि पनि महत्त्वपूर्ण टेवा पुग्ने उहाँको विश्वास छ । पूर्ण छात्रवृत्ति प्राप्त गरेको विद्यार्थी उत्तीर्ण भएमात्रै अघिल्लो कक्षामा अध्ययन गर्न पुनः छात्रवृत्ति पाउनेछन् । अनुत्तीर्ण विद्यार्थीले भने पुनःउक्त सुविधा पाउने छैनन् ।

भाँगो र आलुसँग चामल साटेर गुजारा गर्दै बागलुङको रमुवाका बासिन्दा

पोखरापत्र संवाददाता
बागलुङ, ३० बैशाख

बागलुङको उच्च पहाडी क्षेत्रमा पर्ने रमुवा गाउँ आलुखेतीका लागि प्रख्यात छ । गलकोट नगरपालिका-१० मा पर्ने यस गाउँमा आलु र भाँगोबाहेक अन्य बाली निकै कम लाग्ने भएकाले गाउँका सबै आलुखेतीमा व्यस्त छन् ।

आलुखेतीबाटै उक्त गाउँका स्थानीयले जीविकोपार्जन गर्दै आएका छन् । भौगोलिक विकटताका कारण आलु बजारसम्म पुर्‍याउन पनि समस्या छ । उत्पादन भएको आलुलाई बजारीकरण गर्न सडक स्तरोन्नति हुनुपर्ने स्थानीयको माग छ । आलु र भाँगो एकै ठाउँमा उत्पादन गर्न सकिने हुँदा किसानले बढी लाभ लिएका छन् । दुर्गम गाउँ भए पनि रमुवामा २०६५ मा स्थानीयको लगानीमा सडक निर्माण भएको थियो । उक्त सडक हालसम्म पनि स्तरोन्नति हुनसकेको छैन । बजार क्षेत्रमा रासायनिक मल प्रयोग गरी उन्नत जातका आलुको उत्पादन हुने गरे पनि रमुवाका किसानले रैथाने जातका आलुखेतीमा प्राङ्गारिक मल प्रयोग गर्दै आएका छन् । पशुपालन र आलुखेती यहाँका स्थानीयको मुख्य पेसा हो । प्राङ्गारिक मलका कारण एकै परिवारले वार्षिक तीन हजारदेखि पाँच हजार क्विन्टलसम्म आलु उत्पादन गर्छन् । रमुवामा हरेक वर्ष ४० देखि ५० हजार क्विन्टल आलु उत्पादन हुने गरेको छ । यो गाउँमा करिब एक सय ३० परिवार स्थायी रूपमा बसोबास गर्दै आएका छन् । त्यसमध्ये अधिकांशले भेडाबाख्रा र गाईभैँसीपालन गर्ने हुँदा मलको कुनै समस्या छैन । गाउँमा खाद्यबाली उत्पादन कम हुँदा वर्षभरि खान पुग्दैन । त्यसले गर्दा भाँगो र आलुसँग चामल साटेर गुजारा चलाउनुपर्ने स्थिति छ । पालिकाको केन्द्र गलकोटसम्म पुग्ने सडक स्तरोन्नति भए आलु बजारीकरणमा कुनै समस्या नहुने गलकोट नगरपालिका-१० रमुवाका स्थानीयसमेत रहनुभएका पूर्वअध्यक्ष तिलक घर्तीमगरले बताउनुभयो । रमुवामा उत्पादन हुने आलु गलकोट, बागलुङ, पोखरा, काठमाडौँ, चितवनलगायतका ठाउँमा पुग्ने गर्छ । वर्षौँ पहिलेदेखि नै यहाँका नागरिक आलुखेतीमा लाग्दै आएका हुन् । समुद्री सतहबाट दुई हजार दुई सय मिटरभन्दा माथिको उचाइमा रहेको रमुवामा धान, गहुँ भने उत्पादन हुँदैन । प्रविधिको विकास भए पनि आफूहरूले परम्परागत रूपमा प्राङ्गारिक आलु उत्पादन गर्ने स्थानीय दिव्या रानाले बताउनुभयो । हरेक वर्ष एकै परिवार ५० देखि १०० मुरीसम्म आलु फलाउने उहाँले बताउनुभयो । आलु फल्ने समयमा कुनै पनि रोगको प्रकोप नदेखिए हरेक वर्ष उत्पादन वृद्धि हुने राना बताउनुहुन्छ । आलुखेतीबाटैपरिवारकोलालनपाल, पढाइलेखाइदेखि जीविका चलाउने गरेको उहाँले सुनाउनुभयो । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले रमुवालाई आलु पकेट क्षेत्र घोषणा गरेर उत्पादन वृद्धिमा लागेको राससलाई बताउनुभयो । यहाँका किसानलाई आलुखेतीतर्फ अझ प्रोत्साहन गर्न कृषिसम्बन्धी तालिम, आवश्यक प्राविधिक सहयोग गर्दै आएको उहाँले बतानुभयो । अब नगरपालिकाले उत्पादनका आधारमा किसानलाई अनुदान दिने नीति रहेको उहाँले जानकारी दिनुभयो । हाल सडक कच्ची भए पनि किसानलाई बजारसम्म आलु पुऱ्याउन समस्या नभएको बताउँदै उहाँले उत्पादित आलुले बजार नपाए पालिकाले नै जिम्मा लिने स्पष्ट गर्नुभयो । किसानलाई प्रविधिसँग जोडेर उत्पादन बढाउनेतर्फ पालिका लागेको उहाँले बताउनुभयो । आलुलाई ‘ब्राण्डिङ’ गर्ने पालिकाको योजना पनि उहाँले सुनाउनुभयो ।

प्रवक्ता भण्डारीले भन्नुभयो, “रमुवा आलु उत्पादनका लागि उर्वर भूमि हो, पछिल्लो समय विषादी प्रयोग गरेको आलु बजारमा आइरहेको बेला यहाँका किसानले त्यस्तो मल प्रयोग नगरी उत्पादन गर्छन्, जैविक आलुको बजार पनि राम्रो छ, किसानले बजार पाएन भनेर गुनासो गर्नुभएको छैन, उहाँहरूले उत्पादन गरेको आलु बिक्री नभए नगरपालिकाले त्यसको जिम्मा लिन्छ र किसानलाई उचित मूल्यको व्यवस्था गर्छ, सिङ्गो गाउँ नै आलुखेतीमा लाग्दा उत्पादन हरेक वर्ष बढेको छ, नगरपालिकाले समय-समयमा किसानलाई प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ ।”

बुल्दीखोलाको स्वरुप फर्काउने प्रयास

पोखरापत्र संवाददाता
दमौली, ३० बैशाख

विगत केही वर्ष पहिला तनहुँको सदरमुकाम दमौलीस्थित बुल्दीखोला कञ्चन थियो । यहाँका मानिसले बुल्दीखोलाको पानी प्रयोग गर्दथे ।

अहिले अवस्था बदलिएको छ । प्रदूषणका कारण बुल्दीखोलाको पानी प्रयोग गर्न सक्ने अवस्था छैन । खोला तथा आसपासमा फालिएका फोहरले खोलाका साथै समग्र वातावरणलाई नै असर पुगेको स्थानीय बताउँछन् । विगतका दिन सम्झिँदै व्यास नगरपालिका-१ का वडाध्यक्ष रमेशचन्द्र हड्खलेले बुल्दीखोला अहिले नुहाउन लायक नभएको बताउनुभयो । उहाँले भन्नुभयो, “मलाई याद छ बुल्दीखोलाको पानी हामीले पनि पिएका हौँ । तर अहिले यति प्रदूषित भयो कि पिउने त कुरै छाडौँ, नुहाउन मिल्ने अवस्थामा पनि छैन ।” स्थानीय तथा खोला भएर यात्रा गर्ने यात्रुको लापरबाहीका कारण पानी दूषित बन्दै गएको भन्दै यसको सरसफाइमा स्वयं व्यक्ति र समाज लाग्नुपर्ने हड्खलेले बताउनुभयो । उहाँले भन्नुभयो, “अहिले सोझै ढल खोलामा मिसाउने गरिएको छ, यसले झनै समस्या थपेको छ । यहाँको ढल सोझै खोलामा मिसाउनु हुँदैन भनेर युवाले अग्रसरता लिनुपर्छ । जनप्रतिनिधिले पनि नगरपालिकामा खोला संरक्षण र ढल व्यवस्थापनमा दबाब सिर्जना गर्नुपर्छ ।” खोला सफा भए जलचर संरक्षण हुने भएकाले यसतर्फ सबैले पहल गर्नुपर्ने उहाँको भनाइ छ । दिनप्रतिदिन बुल्दीखोला दूषित बन्दै गएकाले यसलाई पुरानै स्वरुपमा फर्काउने प्रयास थालिएको वडाध्यक्ष हड्खलेले बताउनुभयो । दमौलीका युवा अभियन्ता सुदीप गफ्फारको प्रयासमा बुल्दीखोलालाई पुरानै स्वरुपमा फर्काउन बृहत् जनसहभागितामा सरसफाइ गरिएको छ । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले एउटा युवाको सक्रियतामा बुल्दीखोला बृहत् सरसफाइ अभियान हुनु खुसीको कुरा भएको बताउनुभयो । उहाँले भन्नुभयो, “यो अभियानमा सबैको सद् भाव र सहयोग हुनु आवश्यक छ ।” नगरपालिकाको मुख्य चुनौती फोहर व्यवस्थापन भएको उल्लेख गर्दै नगरप्रमुख न्यौपानेले भन्नुभयो, “सहरीकरणसँगै फोहरको मात्रा बढ्दै गएको छ । यसको व्यवस्थापन प्रमुख चुनौती बनिरहेको छ । नागरिकस्तरमा सरसफाइ अभियानका लागि ठूलो समर्थन प्राप्त भएको छ ।”

जीवनमा नभई नहुने तत्व पानी भएको बताउँदै उहाँले पानीलाई स्वच्छ बनाउने अभियानमा नगरपालिकाको सदैव सहयोग रहने बताउनुभयो । नगरप्रमुख न्यौपानेले नगरलाई सफा र स्वच्छ बनाउन आगामी जेठ १ गतेदेखि प्लाष्टिक झोलामुक्त अभियान सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “पहिलो चरणमा झोलाबाट यो अभियान सञ्चालन गर्न लागेका छौँ ।” सरसफाइ अभियानको नेतृत्व गर्नुभएका युवा अभियन्ता सुदीपले बृहत् सरसफाइ अभियानका लागि टोल, विद्यालय, क्याम्पस, सङ्घसंस्थालगायत स्थानीयबाट साथ र सहयोग पाएको बताउनुभयो । बुल्दीखोला दिनप्रतिदिन प्रदूषित बन्दै गएकाले खोला स्वच्छ र सफा राख्ने उद्देश्यसहित बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो । सुदीपले भन्नुभयो, “भावी पुस्ताका लागि खोला संरक्षण गर्नुपर्ने अवस्था आएको छ । खोलाको अवस्थाले स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याइरहेकाले पनि सबैको सहभागितामा सरसफाइ अभियान सञ्चालन गर्ने जमर्को गरेको हुँ ।” बुल्दीखोला धार्मिक महत्वसँग जोडिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “महर्षी वेदव्यासले यहाँ हात धोएका भन्ने धार्मिक महत्व छ । सोही कारण पनि यसको संरक्षण गर्नुपर्छ । यहाँका दुङ्गामा देवताको बास छ । पछिल्लो समय यसको स्वरुप फेरिँदा मन खिन्न हुन्छ ।”

बागलुङपानी-भुजुङ सडक स्तरोन्नति हुँदै

पोखरापत्र संवाददाता
लमजुङ, ३० बैशाख

लमजुङका बेँशीसहर-बागलुङपानी-घलेगाउँ-भुजुङ सडकखण्डमा स्तरोन्नतिका काम सुरूभएका छन् ।

यस सडकअन्तर्गत क्व्होलासोथर गाउँपालिका-१ बागलुङपानीदेखि वडा नं ३ घलेगाउँसम्मको १० किलोमिटर सडक कालोपत्र र घलेगाउँदेखि भुजुङसम्म स्तरोन्नतिका काम भइरहेका पूर्वाधार विकास कार्यालय लमजुङले जनाएको छ । कार्यालय प्रमुख इञ्जीनीयर विवेक सिग्देलले सडकअन्तर्गत घलेगाउँसम्म १० किलोमिटरमा कालोपत्र र घलेगाउँदेखि भुजुङसम्मको सात किलोमिटरमा ग्राभेल गर्ने काम भइरहेका जानकारी दिनुभयो । ठेकेदारको लापरबाहीका कारण वर्षौँदेखि अलपत्र रहेको सो सडकमा गत माघ महिनादेखि काम अगाडि बढेको र हाल कालोपत्रलगायतका काम भइरहेका उहाँको भनाइ छ । कार्यालयका अनुसार घलेगाउँसम्मको १० किलोमिटर सडक कालोपत्र र घलेगाउँदेखि भुजुङसम्मको सात किलोमिटर सडक ग्राभेल गर्ने गरी कान्छाराम-नाना जेभीले विसं २०७६ असोज ३० गते सम्झौता भएको थियो । विसं २०७८ असोज २९ गतेभित्र सम्पन्न गर्ने भनिए पनि विभिन्न कारणले सोसम्बन्धी कार्य अधुरै थिए । अन्तिमपटकका लागि विसं. २०८० चैत २२ गते पुनः म्याद थप भई आगामी असोजसम्म कार्यसम्पन्न गर्ने लक्ष्य राखिएको पूर्वाधार विकास कार्यालय लमजुङका प्रमुख इञ्जिनियर सिग्देलले बताउनुभयो । उक्त सडक कालोपत्रे तथा ग्राभेलका लागि रु ३४ करोड ७७ लाख १४ हजार चार सय १० मा सम्झौता भएको सो योजनामा हालसम्म ६५ प्रतिशत भौतिक प्रगति भएको र रु बीस करोड ४० लाख खर्च भइसकेको सिग्देलले जानकारी दिनुभयो ।